परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ३ अंक : ३२३ पृष्ठ ४ २०८२ भदौ २१ गते, शनिबार 6 September, 2025 मूल्य रु. ५/-






हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।


## साइबर सुरक्षा, यौन तथा प्रजनन स्वास्थ्यबारे भेलामा व्यापक छलफल




● टक नेपाल

मधेश प्रदेश स्तरीय किशोर-किशोरी भेला २०८२ बर्दिबासमा सम्पन्न भएको छ । भेला राष्ट्रिय किशोर सञ्जाल र राष्ट्रिय किशोरी सञ्जालको आयोजनामा, सिविन नेपाल र गर्लस् नोट विर्डसको संयोजनमा तथा सेभ द चिल्ड्रेनको सहयोगमा सम्पन्न भएको हो ।

बिहीबार भएको कार्यक्रममा राष्ट्रिय किशोरी सञ्जालकी महासचिव कृतिका धितालले अध्यक्षता गरेकी थिइन् भने मधेश प्रदेशका खेलकुद तथा समाज कल्याण मन्त्री प्रमोद जयसवाल प्रमुख अतिथि रहेका थिए । कार्यक्रममा सिविन नेपालका अध्यक्ष माधव प्रधान, एनआरएनए नेपालका अध्यक्ष भिक्षु पियादशी, की अध्यक्ष निरजिना भट्ट, राष्ट्रिय किशोर सञ्जालका केन्द्रीय सदस्य राजन दासलगायत सरोकारवालाको उपस्थिति थियो ।

मन्त्री जयसवालले मधेश प्रदेशमा विद्यमान असमानता, जातीय विभेद, बालविवाह र छिट्टै हुने विवाह जस्ता समस्या समाधानका लागि सरकार र नागरिक समाजबीच सहकार्य आवश्यक रहेको बताए । उनले बालिका संरक्षण ऐन, नीति र कोष सञ्चालनमार्फत प्रदेश सरकारले बालिका सशक्तिकरणलाई प्राथमिकता दिएको जानकारीसमेत दिए । यस वर्षको बजेटमा पर्याप्त स्रोत विनियोजन गरी दहेज प्रथा, बालविवाह तथा छिट्टै हुने विवाह न्यूनीकरणका लागि सामूहिक विवाह कार्यक्रमसमेत समावेश गरिएको उनले उल्लेख गरे ।

दुई दिनसम्म चलेको भेलामा साइबर सुरक्षा, यौन तथा प्रजनन स्वास्थ्य, बालविवाह र बालश्रम अन्त्यका उपायबारे छलफल गरिएको थियो । ५० जना किशोर-किशोरीको सहभागिता रहेको भेलाले तयार पारेको १२ बुँदे अपिल पत्र मन्त्री जयसवाललाई हस्तान्तरण गरिएको आयोजकले जानकारी दिएका छन् ।

सर्लाहीमा

## जनमत पार्टीको जनसंपर्क यात्रा सुरु




● चन्दन रजक

सर्लाहीको बलरा नगरपालिकाबाट जनमत पार्टी जिल्ला समन्वय समितिले घर-घरमा पुग्ने जनसंपर्क अभियान सुरु गरेको छ।

बलरा नगरपालिका-९ नरहरगञ्जमा आयोजित कार्यक्रममा प्रमुख अतिथि जनमत पार्टी सर्लाहीका जिल्ला इन्चार्ज श्रीचन यादवले अभियानको उद्घाटन गरे। कार्यक्रममा पार्टीका केन्द्रीय सदस्यहरू राकेश मिश्र, सञ्जय कुमार सिंह, बलरा नगर कमिटी अध्यक्ष हरिन्द्र प्रसाद यादवलगायत नेताहरूको उपस्थिति रहेको थियो।

नेताहरूले आफ्नो मन्तव्यमा अभियानका एजेन्डालाई प्राथमिकता दिँदै घर-घरमा पार्टीको नीति-विचार पुऱ्याउने आवश्यकता औंल्याए। जिल्ला इन्चार्ज यादवका अनुसार, यो अभियान बलरा नगरपालिकाका सबै वडासहित सर्लाही जिल्लाभरी रहेका २० पालिका र २०० वडामा सञ्चालन गरिनेछ।

उनका अनुसार अभियानको मुख्य उद्देश्य जनतामाझ जनमत पार्टीको विचारधारा र नीति पुऱ्याउनु तथा २०८४ सालको प्रतिनिधि सभा चुनावमा बहुमत हासिल गरी डा. सीके राउतलाई प्रधानमन्त्री बनाउन योगदान पुऱ्याउनु रहेको छ।







परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

### एमालेमा 'नियन्त्रित लोकतन्त्र'

सत्तारुढ दल नेकपा एमाले ललितपुरको गोदावरीस्थित सनराइज अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा चार वर्षपछि फेरि अर्को विधान महाधिवेशनको निम्ति जुटेको छ । पार्टीको नीतिमाथि विमर्श गने उद्देश्यले दोस्रोपटक हुन लागेको विधान महाधिवेशनमा २ हजार ३४१ प्रतिनिधिले भाग लिदैछन् ।

प्रचार विभागका प्रमुख राजेन्द्र गौतमका अनुसार दशौं राष्ट्रिय महाधिवेशनका २ हजार २६ प्रतिनिधि र ३१५ जना आयोजक यो विधान महाधिवेशनमा प्रतिनिधि छन् ।

१५-१७ असोज, २०७८ मा गोदावरीमै सम्पन्न प्रथम विधान महाधिवेशनमा भने झण्डै पाँच हजार प्रतिनिधि थिए । तर कोही पनि नेता मनोनीत नहुने अनि दशौं महाधिवेशनकै प्रतिनिधि नै दोस्रो विधान महाधिवेशनको प्रतिनिधि रहने निर्णयले यसपटक अघिल्लो पटक भन्दा आधा थोरै सहभागी हुनेछन् ।

एमाले केन्द्रीय कार्यालयका अनुसार दशौं महाधिवेशनका १२० प्रतिनिधिलाई हटाइएको छ । निधन भएका, पार्टी परित्याग गरेका लगायत कारणले यी प्रतिनिधिहरू हटाइएका हुन् । अर्थात् प्रतिनिधि संख्या घटेको छ, थपिनेवाला छैन । यसले दोस्रो विधान महाधिवेशनमा एमालेले प्रतिनिधिका विषयलाई कडाइ गरेको बुझ्न सकिन्छ ।प्रचार विभाग प्रमुख गौतम भने प्रतिनिधि भएर गोदावरी हल पुनुलाई प्राविधिक प्रक्रियाका रूपमा बुझ्नुपर्ने बताउँछन् । 'हामी पार्टीको नीति निर्माण गर्न विधान महाधिवेशनमा जुटेका छौं । र एमालेका साढे पाँच लाख सदस्यले चाहँदा छलफलमा भाग लिने प्रक्रिया पूरा गरेका छौं', गौतम भन्छन् ।

गत १२ साउनमा अपानि-१२, जारी गरी प्रधानमन्त्री एवं अध्यक्ष केपी शर्मा ओलीले १० भदौभित्र सुझाव पठाउन मातहतका कमिटीलाई निर्देशन दिएका थिए ।

अपानि जारी गर्नुअघि १ साउनमा सचिवालय, २-३ साउनमा पोलिटब्यूरो र गत ५-६ साउनमा केन्द्रीय कमिटी बैठक बसेको थियो ।

सचिवालय बैठकमा विधान महाधिवेशनमा प्रस्तुत हुने एजेण्डा माथि नै छलफल चल्यो । विशेषगरी उपाध्यक्ष विष्णुप्रसाद पौडेलले प्रस्तुत गरेको विधान संशोधन मस्यौदाको धारा ६४ हटाउने प्रस्तावमा बैठक केन्द्रित भयो । उक्त धारामा ७० वर्षे उमेर हद र दुई कार्यकाल बढी कार्यकारी पदमा रहन नपाइने व्यवस्था छ ।

# पथलैया-अम्लेखगञ्ज सडकखण्डमा बाघको त्रास, दुई महिना यता तीन जनाको मृत्यु

● टक नेपाल

पर्सा राष्ट्रिय निकुञ्ज अन्तर्गतको पथलैया-अम्लेखगञ्ज सडकखण्डमा बाघको आक्रमणका घटना बढेको छ ।

सो क्षेत्रमा पछिल्लो २ महिनामा बाघको आक्रमणबाट ३ जनाको मृत्यु भइसकेको स्थानीयले बताएका छन् । बाघको आक्रमणबाट मृत्यु हुनेमा जीतपुरसिमरा उपमहानगर-२१ र २२ का बासिन्दा छन् । बाघको आक्रमणबाट दुई महिना यता चन्द्रबहादुर बोलाङ्ग, कृष्ण कुमार शर्मा र रमेश कार्कीको मृत्यु भएको जीतपुरसिमरा-२२ का वडाध्यक्ष शेखरकाजी रुम्बाले बताए ।




बोलाङ्ग र शर्माको जङ्गलमा घाँस-दाउरा गर्ने क्रममा र कार्कीको ३ नं पुल नजिकै रातको समयमा आक्रमण भएको स्थानीयको भनाइ छ ।

वडाध्यक्ष रुम्बाले केही महिनादेखि बाघको त्रासले स्थानीयहरू साँझ-बिहान घर बाहिर निस्कनसमेत डराएको बताए । 'बाघले मान्छे खानुअघि अम्लेखगञ्जदेखि पथलैयासम्म स्थानीयहरूको खसी-बाख्रा, पाडा-पाडी, बङ्गुर खायो,' उनले भने, 'नरभक्षी बाघलाई नियन्त्रणमा लिनुको साटो निकुञ्ज र डिभिजन वन कार्यालयले आफ्नो क्षेत्र परेन भनेर पन्छिनु गलत हो ।'

पथलैया-अम्लेखगञ्ज र पथलैया-निजगढ सडकखण्डमा बाघको आक्रमण बढ्न बढेपछि पर्सा राष्ट्रिय निकुञ्जले सार्वजनिक सूचना निकालेर सो क्षेत्रमा सवारी साधन नरोक्न यात्रुहरूलाई आग्रह गरेको छ ।

पर्सा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत रामचन्द्र खतिवडाले वन्यजन्तुहरू राष्ट्रिय राजमार्गको बाटो भएर ओहोरदोहोर गरिरहेकाले सबैमा सचेत हुन आग्रह गरेका छन् । उनले पथलैयादेखि तामागढी क्षेत्रसम्म क्यामेरा जडानको काम भइरहेको बताए ।

'घाँस दाउरा गर्ने क्रममा यो भेगमा मानवीय क्षति भएको छ तर त्यो क्षति बाघकै कारणले भएको हो भन्नका लागि पोष्टमार्टम रिपोर्ट प्राप्त भइसकेको छैन,' उनले भने, 'बाघको बासस्थान क्षेत्रमा मानिस पुगेपछि जम्काभेट भएर क्षति हुन्छ भने त्यसलाई मानवीय त्रुटि मानेर मानिसहरूले आफ्नो व्यवहारमा पनि परिवर्तन ल्याउनुपर्छ ।'

वन्यजन्तु राहत निर्देशिका २०८० मा वन्यजन्तुको बासस्थान क्षेत्रमा भएको मानवीय क्षतिमा राहत दिने व्यवस्था छैन । प्रमुख संरक्षण अधिकृत खतिवडाले निकुञ्जको कोर क्षेत्रभित्र घाँसदाउरा गर्ने क्रममा वन्यजन्तुबाट भएको क्षतिमा राहत पाउनुपर्छ भन्ने जनताको बुझाइ गलत भएको बताए ।

बारा, पर्सा र मकवानपुरको वन क्षेत्रलाई समेटेको पर्सा राष्ट्रिय निकुञ्जमा सन् २०२२ मा भएको गणना अनुसार यस क्षेत्रमा ४१ वटा बाघ छन् । यो मधेस प्रदेशको एकमात्र राष्ट्रिय निकुञ्ज हो ।

प्रमुख संरक्षण अधिकृत खतिवडाले निकुञ्ज प्रशासनले मानिस र वन्यजन्तु दुवैलाई सुरक्षित राख्ने अभियान सञ्चालन गरे पनि मधेस प्रदेश सरकार, पालिका, वडा लगायत र अन्य निकायबाट कुनै सहयोग नपाएको गुनासो गरे ।

'वन्यजन्तुको बासस्थानमा बाघले मान्छे खान्छ भने त्यसलाई दुर्घटनाको रूपमा लिनुपर्छ, सडक दुर्घटनामा दैनिक धेरै मान्छेको ज्यान जाँदा त्यसमा जनताको आक्रोश छैन, तर वन्यजन्तुले केही क्षति गऱ्यो भने धेरै भयो भनेर गलत प्रचार गर्ने प्रवृत्ति छ,' खतिवडाले भने, 'वास्तवमा बाघ दोषी कि मानिस दोषी भन्नेमा राम्रोसँग बहस भयो भनेमात्रै प्रकृति र मानिसप्रति न्याय हुन्छ ।'

पर्सा राष्ट्रिय निकुञ्ज र आसपासका क्षेत्रमा केही वर्षदेखि मानिस र वन्यजन्तुबिच द्वन्द्व बढेको छ । निकुञ्जसँग जोडिएका पर्टेवा सुगौली, सखुवा प्रसौनी, ठोरी, मनहरी गाउँपालिकामा मानिस र बाघको द्वन्द्व धेरै छ । सामान्यतया बुढो, घाइते, भर्खरै आमाबाट छुट्टिएका तथा समस्याग्रस्त बाघ नै मानव बस्तीमा प्रवेश गरेर क्षति पुऱ्याउने गर्दछन् ।

प्रमुख संरक्षण अधिकृत खतिवडाले वन्यजन्तु संरक्षणप्रति नै नकारात्मक टिप्पणी बढ्दै गएको गुनासो गरे । वन्यजन्तु नियन्त्रण, व्यवस्थापन र मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणको काम राष्ट्रिय निकुञ्जको मात्रै नभएर स्थानीय तह, पालिकाहरू, वडा र प्रदेश सरकारको पनि जिम्मेवारी हुनुपर्ने उनको भनाइ छ ।

'हामीसँग बजेट र कार्यक्रम पर्याप्त हुन्थ्यो भने केही पनि समस्या थिएन, तर भएका साधन-स्रोतले जनताको आकाङ्क्षा पूरा गर्न सक्ने अवस्था छैन,' उनले भने, 'पर्याप्त बजेट, कार्यक्रम र सहकार्य नभइकन अब वन्यजन्तु बचाउन गाह्रो छ ।'

बाघको गणना प्रत्येक ४ वर्षमा हुन्छ । सन् २०१८ मा १८ वटा पाटे बाघ रहेको पर्सा राष्ट्रिय निकुञ्जमा सन् २०२२ को डिसेम्बरमा भएको गणनामा यो सङ्ख्या ४१ पुगेको थियो । अर्को वर्ष हुने गणनामा यो संख्या ५० भन्दा माथि पुग्ने निकुञ्ज प्रशासनले जनाएको छ ।













# सामाजिक सञ्जाल प्रतिबन्ध हुँदा कहाँ कहाँ पर्छ असर ?

● टक नेपाल

नेपाल सरकारले बिहीवार सामाजिक सञ्जालमाथि लगाएको प्रतिबन्धले देशको सूचना प्रविधि (आईटी) क्षेत्र गम्भीर असर पर्ने देखिएको छ।

जसबाट लाखौं नागरिकको रोजगारी र समग्र व्यापार व्यवसायमा गहिरो र नकारात्मक प्रभाव पार्ने देखिएको छ। सरकारको यो निर्णयलाई अदूरदर्शी र राष्ट्रिय हित विपरीतको कदम चालेको छ। 'नेपाली आईटी दशक' र 'डिजिटल नेपाल'को सरकारी नारामाथि नै प्रश्नचिह्न खडा गरेको छ।

सामाजिक सञ्जाल अहिले नेपालीहरूको दैनिक जीवनको अभिन्न अंग बनिसकेको छ। फेसबुक, इन्स्टाग्राम, ट्विटरजस्ता प्लेटफर्महरू केवल मनोरञ्जनका साधन होइनन् । अन्य सञ्चार, सूचना आदानप्रदान, सामाजिक सम्बन्ध कायम राख्ने र व्यक्तिगत तथा व्यावसायिक अवसरहरूको माध्यम बनेका छन् ।



मानिसहरूले आफ्ना सुख-दुःख बाँड्न, महत्त्वपूर्ण जानकारी लिन-दिन र आपत्कालीन अवस्थामा समेत यी माध्यमहरूको प्रयोग गर्ने गरेको यथार्थलाई सरकारले बिर्सेको देखिन्छ । सरकार केही समय अघि टिकटकलाई नेपालमा प्रतिवन्ध लगाएको थियो । तर त्यसको ठूलो प्रभाव नपरे पनि ६ महिनापछि फुकुवा गरेको थियो। अहिलेको २६ भन्दा बढी सामाजिक सञ्जालमाथि लगाएको प्रतिबन्धलाई टिकटकमाथिको प्रतिबन्धसँग तुलना गर्न मिल्दैन ।

टिकटक मुख्यतया मनोरञ्जन केन्द्रित प्लेटफर्म भए पनि फेसबुकजस्ता माध्यमहरू व्यावसायिक गतिविधि, शिक्षा, स्वास्थ्य र सामाजिक परिचालनका लागि समेत व्यापक रूपमा नेपालमा प्रयोग भइरहेको छ । घरमा कोही मर्दा पर्दा मलामी जान समेत फेसबुक प्रयोग गरिन थालेको छ। जसले सामाजिक सञ्जाल नेपाली समाजमा कति गहिरोसँग जरो गाडेको छ भन्ने देखाउँछ। यसरी जीवनको हरेक पाटोमा जोडिएका प्लेटफर्महरूलाई अचानक बन्द गर्दा त्यसले सामाजिक, मानसिक र आर्थिक रूपमा गम्भीर असर पार्ने देखिन्छ।

आईटी इकोसिस्टममा धक्का र नवप्रवर्तनमा अवरोध

सरकारले एकातर्फ 'नेपाली आईटी दशक' घोषणा गर्दै सूचना प्रविधिबाट समृद्धि ल्याउने सपना बाँडेको छ भने अको 'तर्फ आईटी क्षेत्रकै मेरुदण्ड मानिने सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाएर विरोधाभासपूर्ण नीति लिनु राम्रो होइन।

सरकारको यस कदमले नेपालको समग्र आईटी इकोसिस्टममा ठूलो धक्का पुग्ने र नवप्रवर्तनको वातावरण बिग्रने निश्चित छ । यसको ज्वलन्त उदाहरणका रूपमा हामीले 'हाम्रो पात्रो' नामक नेपाली एप पनि पर्नु हो । हाम्रो पात्रो कुनै सामान्य एप नभई विश्वव्यापी रूपमा नेपालीहरूले प्रयोग गर्ने, गैरआवासीय नेपाली (एनआरएन)हरूका लागि समेत महत्वपूर्ण रहेको र सबैभन्दा धेरै डाउनलोड भएका नेपाली एपहरूमध्ये एक रहेको छ।

हाम्रो पात्रो एक सफल नेपाली उत्पादन हो। यसलाई समेत बन्दको सूचीमा राख्नुले युवा उद्यमीहरूलाई गलत सन्देश गएको छ।यो नेपालको पुल्चोक इन्जिनियरिङ कलेजका युवाले सोचेको साना सपना हो । यस्ता सपनाहरूमाथि प्रतिबन्ध लगाउनु भनेको देशको भविष्यमाथि नै प्रश्नचिह्न खडा गर्नु हो।

सरकारको यो कदमले स्वदेशी तथा विदेशी लगानीकर्ताहरूको विश्वासमा कमी आउँछ। नेपालमा सूचना प्रविधि क्षेत्रमा लगानी गर्न हिचकिचाउने अवस्था आउन सक्ने खतरा बढेको छ। आईटी क्षेत्रको विकासका लागि आवश्यक पूर्वाधार, नीतिगत स्थिरता र विश्वासको वातावरण कमजोर हुँदा यसले लामो समयसम्म नकारात्मक असर पार्न सक्ने हुन्छ।

रोजगारी र आर्थिक उपार्जनमा भयावह असर

सामाजिक सञ्जालमाथिको प्रतिबन्धले रोजगारी सिर्जना र आर्थिक उपार्जनमाथि भयावह असर पार्ने देखिन्छ। विशेषगरी, युवा वर्ग जो सामाजिक सञ्जाललाई माध्यम बनाएर स्वरोजगार बनेका छन् र डलरमा आम्दानी गरिरहेका छन्, उनीहरू प्रत्यक्ष मारमा पर्नेछन् ।

एउटा युवाले घरमा बसेर सामाजिक सञ्जालको प्रयोग गरेर ५० हजार, १ लाख, डेढ लाख, २ लाख कमाउने गरेका थिए। २ लाखसम्म आम्दानी गर्ने सोसल मिडिया एउटा प्लेटफर्म बनेको थियो।

जसमा इन्स्टाग्राम, युट्युबजस्ता प्लेटफर्मबाट कन्टेन्ट बनाएर नेपालीहरूले ५० हजारदेखि १ लाख भ्यूज पुऱ्याएर ४०० डलरसम्म कमाउने गरेको उदाहरण छन् । यस्ता हजारौं युवाहरूको आम्दानीको स्रोत बन्द हुँदा उनीहरूको जीवनयापनमा संकट आउने र यसले समग्र अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्ने देखिन्छ।

कतिपय साना तथा मझौला व्यवसायीहरू (एसएमई) र स्टार्टअपहरूले सामाजिक सञ्जाललाई आफ्ना उत्पादन तथा सेवाको प्रचारप्रसार र बिक्रीका लागि प्रमुख माध्यम बनाएका छन् । विज्ञापन, ग्राहक सेवा, अनलाइन व्यापार र बजारीकरणका लागि यी प्लेटफर्महरू अपरिहार्य बनिसकेका छन् ।

सरकारले लगाएको प्रतिबन्धले उनीहरूको व्यापार व्यवसाय धराशायी बनाउनेछ। यसअघि पनि आईटी क्षेत्रमा अवसर नपाएर २ हजार देखि २ हजार ५ सय आईटी क्षेत्रका जनशक्तिहरु भारतमा काम गरिरहेका छन् । सरकारको यस कदमले बेरोजगारी बढाउने र थप नेपालीहरूलाई विदेशिन बाध्य पार्ने अवस्था देखिन्छ।

प्रतिबन्ध होइन, नियमन र सहकार्य आवश्यक

सरकारको नियन्त्रणमुखी सोच र प्रतिबन्धको नीति गलत भएको छ। सामाजिक सञ्जाललाई पूर्ण रूपमा बन्द गर्नुको सट्टा प्रभावकारी नियमन गर्ने र सरोकारवालाहरूसँग सहकार्य गर्नेतर्फ सरकार लाग्नुपर्ने थियो।

कन्टेन्टमा रेगुलेट गर्ने हो र त्यो कम्पनीहरूसँग साझेदारी गर्नका लागि एउटा टिम खडा गर्नु थियो । तर सरकारले त्यो काम नगरेर उल्टो बाटोमा सरकार गएको देखिन्छ।

आईटी व्यवसायीहरु नेपालको कानुन मान्नुपर्छ भन्ने कुरामा आफूहरू सकारात्मक भए पनि प्लेटफर्म र प्रविधिलाई नै बन्द गर्नुपर्छ भन्ने कुरामा कुनै पनि सूचना प्रविधिका विद्यार्थी, विज्ञ वा अभियन्ता सकारात्मक छैनन् ।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले मार्क जुकरबर्गसँग भेटेर भारतीय बजारको आवश्यकता र नियमहरूबारे छलफल गरेका छन्। तर नेपाल सरकारले पनि सोही अनुरुपको कूटनीतिक पहल गर्नुपर्ने थियो। तर सरकार एकपक्षीय निर्णय गरेको छ। त्यस्तो गर्नुको सट्टा, फेसबुक, ट्विटरजस्ता प्लेटफर्मका प्रतिनिधिहरूसँग वार्ता गरेर उनीहरूलाई नेपालमा दर्ता हुन, कर तिर्न र स्थानीय कानुनको पालना गर्न प्रोत्साहित गर्नुपर्ने थियो।

सरकारको भूमिका र समग्र रणनीतिको आवश्यकता

सरकारको अहिलेको अप्रोच (पहुँच) अलिकति नपुगेको देखियो । अन्य विकल्प नदिई सीधै प्रतिबन्ध लगाउनु गलत भएको र नेपालको इन्भाइरोमेन्ट, आईटी इकोसिस्टम र कल्चरलाई बुझ्न जरुरी छ। चाइना ले बन्द गर्यो, फेसबुक भनेर हामीले बन्द गर्ने स्थिति छैन। चीनको आफ्नै प्लेटफर्महरू छन् । तर नेपालमाको त्यो अवस्था छैन।

सरकारले स्वदेशी स्टार्टअपहरूलाई प्रोत्साहन गर्न आफ्नै प्लेटफर्म सिर्जना गर्न वा ठूला लगानीकर्ताहरूसँग साझेदारी गरेर यस्तो वातावरण बनाउन सक्नुपर्छ। सामाजिक सञ्जालको नियमन र सञ्चालनका लागि सरकार एक्लैले निर्णय गर्नुको सट्टा मल्टी-स्टेकहोल्डर (सरकार, निजी क्षेत्र, क्यान महासंघ, नागरिक समाज र स्वयं प्लेटफर्मका प्रतिनिधिहरू) सँग व्यापक छलफल गर्नुपर्छ।

निर्देशन दिएर मात्र समस्या समाधान नहुने भन्दै अधिकारीले समय सुहाउँदो कानुन र नीतिहरू बनाएर प्रविधिलाई कसरी सदुपयोग गर्ने भन्नेतर्फ ध्यान दिन आवश्यक छ। क्यान महासंघ र निजी क्षेत्रले विगत २०-३० वर्षदेखि आईटी उद्योगमा गरेको लगानी र अनुभवलाई सरकारले उपयोग गर्नुपर्छ । समस्याको समाधानतर्फ लैजान ऊर्जा दिन तयार रहेको तर सरकारले समन्वय गर्नुपर्ने आवश्यकता रहेको छ।

सामाजिक सञ्जालमाथिको सरकारी प्रतिबन्धले नेपालको सूचना प्रविधि क्षेत्रमाथि गहिरो संकट निम्त्याएको स्पष्ट पारेको छ। यसले लाखौंको रोजगारी खोस्ने, व्यापार व्यवसायमा असर पार्ने र नवप्रवर्तनको वातावरणलाई ध्वस्त पार्ने खतरा छ । सरकारले 'डिजिटल नेपाल'को सपना साकार पार्ने हो भने प्रतिबन्धको साटो नियमन, सहकार्य र दूरदृष्टि अपनाउनैपर्ने छ ।

सरकारले तत्काल यो निर्णयमा पुनर्विचार गर्न, सरोकारवालाहरूसँगको सहकार्यमा ठोस र व्यावहारिक समाधान खोज्न र नेपालको डिजिटल भविष्यलाई सुरक्षित गर्न आवश्यक छ । यदि सरकारले निजी क्षेत्र र विज्ञहरूको आवाजलाई बेवास्ता गरेर अगाडि बढ्ने हो भने यसले सूचना प्रविधि उद्योगलाई मात्र नभई देशको समग्र आर्थिक र सामाजिक विकासमा समेत अपूरणीय क्षति पुऱ्याउँछ। नेपालले विकसित राष्ट्रहरूबाट सिक्दै प्रविधिलाई शत्रु नभई मित्रका रूपमा हेर्नुपर्छ।

## मानव बेचबिखन विरुद्ध सचेतना

- ❖ बेचबिखन ोक्न समाजमा चेतना फलाउन जरूी छ ।
- ❖ विद्यालयदेखि न बालबालिकालाइ यसका बोमा शिक्षित गाउनु पदछ ।
- ❖ पाठ्यपुस्तकमा समावेश गे आफू कसी बच्ने अरूलाइ पनि कसी बचाउने भन्ने कुा सिकाउन जरूी छ ।
- ❖ समाजमा तुरून्त लागु गन सकिने किसिमका पाठ्यसामग्रीह समावेश गन जरूी छ ।
- ❖ ोजगीका लागि जाने व्यक्तिलाइ शिक्षा दिने, गलत बाटोबाट जाँदा पने असका बोमा जानकाी गाउने गनुपछ ।
- ❖ व्यक्तिगत तवबाट आफु सचेत हि पवि साथीहरू सवलाइ सचेतना फलाउने ।
- ❖ शंकास्पद व्यक्ति जोखिममा हेका व्यक्तिहरूको बोमा निगानी ाख्ने पामश दिने आवश्यकता अनुसा सम्वन्धित निकायसँग समन्वय गने ।
- ❖ चोक, चाताा पसालमा समेत मानव बेचविखन विरूद्ध छलफल एवं बहस सञ्चालन गने लगायतका काय आवश्यक ।
- ❖ सामूहिक रूपमा मानव बेचविखनको जोखिममा हेका समूदाय क्षेत्र पहिचान गी मानब बेचविखन ोकथामका लागि अन्तक्रिया, सडक नाटक, याली, घदलो जस्ता कायक्रम गने ।
- ❖ मानव बेचविखनविरूद्ध क्रियाशिल सकाी ग सकाी संघसंस्थाहरूसँग समन्वय गने ।
- ❖ पीडित प्रभावितहरूलाइ आवश्यक सहयोग पामश प्रदान गने ।
- ❖ हिंसामा पेका पीडित प्रभावितलाइ आत्म सम्मानपूवक बाँच्न पाउने वातावण सजना गद पुनस्थापनाका लागि क्रियाशिल हने ।

मटिहानि नगपालिका , महोत्ती, मधेश प्रदेश






# बर्दिवासको मुख्य बजार क्षेत्रमा सरसफाइ



● टक नेपाल

महोत्तरीको बर्दिवास नगरपालिकाले नगरको मुख्य शहरी बजार क्षेत्रमा शुक्रबार सरसफाइ अभियान सञ्चालन गरेको छ। नगरको अग्रसरतामा गरिएको उक्त सरसफाई कार्यक्रममा विभिन्न निकायहरूको सक्रिय सहभागिता रहेको थियो।

कार्यक्रमको नेतृत्व बर्दिवास नगरपालिकाका नगर प्रमुख प्रह्लाद कुमार क्षेत्रीले गरेका थिए। सरसफाइ अभियानमा नेपाल प्रहरी, शसस्त्र प्रहरी बल क्षीरेश्वर बाहिनी बर्दिवास, स्थानीय संघ-संस्थाका प्रतिनिधि, राजनीतिक दलका कार्यकर्ता तथा सामाजिक अभियन्ताहरुको उपस्थिति उल्लेख्य रहेको नगरपालिकाले जनाएको छ।

नगर प्रमुख क्षेत्रीले सरसफाइलाई स्वस्थ्य र सभ्य समाजको आधार भएको बताउँदै नियमित रूपमा सरसफाइ अभियानलाई निरन्तरता दिन नगरवासीलाई आग्रह गरे। उनले सबै नागरिकले आफ्नो क्षेत्र सफा राख्ने जिम्मेवारी लिनुपर्नेमा जोड दिए।

नगरपालिकाले समय-समयमा विभिन्न टोल तथा बजार क्षेत्रमा सरसफाइ कार्यक्रम गर्दै आएको छ। यसले नगरलाई स्वच्छ, सुरक्षित र सुन्दर बनाउन सहयोग पुग्ने विश्वास नगरपालिकाले व्यक्त गरे

# उखु किसानको खातामा अनुदान

● टक नेपाल



सरकारले उखु किसानलाई उत्पादन प्रोत्साहनस्वरूप दिने अनुदानबापतको करिब ७५ करोड रुपियाँ रकम निकासा गरेको छ । देशभरका १३ जिल्लाका किसानले चिनी उद्योगमा उपलब्ध गराएको करिब दुई करोड १६ लाख क्विन्टल उखु बराबरको सो रकम किसानलाई पठाइएको हो ।

किसानलाई चिनी उद्योगले प्रतिक्विन्टल ५८५ र सरकारले ३५ रुपियाँ अनुदान दिने व्यवस्था अनुसार सो रकम उपलब्ध गराइएको हो । सुनसरी, सिराहा, सर्लाही, महोत्तरी, रौतहट, बारा, नवलपरासीलगायत जिल्लामा व्यावसायिक उखु खेती हुने गर्दछ । सर्लाहीका उखु किसानले प्रतिक्विन्टल ३५ रुपियाँका दरले अनुदान रकम प्राप्त गरेका छन् ।

सरकारले गएको वर्ष उखु क्रसिङ सिजन २०८१/८२ मा किसानलाई प्रतिक्विन्टल ७० रुपियाँका दरले अनुदान उपलब्ध गराउने निर्णय गरेको थियो तर अहिले रकम निकासा हुँदा भने ३५ रुपियाँका दरले वितरण गर्न पुग्ने गरी मात्रै निकासा भयो । सर्लाहीका उखु किसानका लागि प्राप्त भएको १८ करोड रुपियाँ अनुदान रकम प्रत्येक किसानको खातामा पठाइसकिएको कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका) ले जनाएको छ ।

प्रमुख कोष नियन्त्रक पुष्पप्रसाद गुरागाईंका अनुसार उखु किसानलाई अनुदान दिन १८ करोड ७५ लाख ५० हजार ६९० रुपियाँ निकासा भएर आएको थियो । सर्लाहीका तीन वटा चिनी मिलले क्रसिङ गरेको उखुको विवरण अनुसार किसानलाई ३७ करोड रुपियाँ अनुदान रकम माग गरिए पनि १८ करोड मात्रै निकासा आएको र त्यो वितरण गरेर सकिएको प्रमुख कोष नियन्त्रक गुरागाईंले बताउनुभयो ।

# आज इन्द्रजात्रा पर्व मनाइँदै

● टक नेपाल



वर्षा र सहकालका देवता देवराज इन्द्रको पूजा-आराधना गरी आज परम्परागत रूपमा इन्द्रजात्रा पर्व मनाइँदैछ ।

प्रत्येक वर्ष भाद्र शुक्ल चतुर्ददशीका दिन पर्ने यो पर्व काठमाडौँ, ललितपुर, भक्तपुर, धुलिखेल, दोलखालगायतका स्थानमा मनाइन्छ । भाद्र शुक्ल द्वादशीका दिन हनुमानढोका अगाडि धार्मिक विधिपूर्वक इन्द्रध्वजासहितको लिङ्गो ठड्याइएपछि प्रारम्भ हुने यो जात्रा विभिन्न प्रकारका नाचगान, रथयात्रा र देवीदेवताको पूजाआजा गरी आठदिनसम्म मनाउने प्रचलन छ ।

भाद्र शुक्ल द्वादशीका दिन ठड्याइएको लिङ्गोलाई 'इन्द्रध्वजोत्थान' पनि भनिन्छ । लिङ्गोको फेदमा भैरवको पूजा गरिन्छ । शत्रु पराजय भएपछि विजय मनाउने पर्वका रूपमा इन्द्रजात्रा मनाउने गरिएको हो । इन्द्रध्वजको पूजा गरी शक्ति प्राप्त गरेर प्रदर्शन गर्ने पर्वका रूपमा पनि इन्द्रजात्रालाई लिइन्छ ।

यसअघि तान्त्रिक विधिद्वारा पूजा गरी भक्तपुरको चितपोल जङ्गलमा छोडिएको बोकाले छोएको रूख भाद्र शुक्ल द्वितीयाका दिन काटिन्छ । काटेपछि लिङ्गोलाई उपत्यका भित्र्याउन पनि साइत हेरिन्छ । उपत्यका भित्र्याएपछि एक रात भोटाहिटीमा राखी एकादशीका दिन विधिपूर्वक इन्द्रध्वजाको लिङ्गो तयार पार्ने गरिन्छ ।

आजको दिन मुख्य रूपमा मनाइने इन्द्रजात्रा पर्वमा राष्ट्रपतिबाट हनुमानढोकास्थित गद्दी बैठकमा जीवित देवीका रूपमा रहेका श्री गणेश, श्री भैरव र श्री कुमारीको रथयात्रा नजर गर्ने परम्परा छ । राजतन्त्र रहुञ्जेल राजाबाट श्री गणेश, श्री भैरव र श्री कुमारीको रथयात्रा नजर गर्ने परम्परा थियो ।

इन्द्रध्वजाको लिङ्गो ठड्याएपछि सुरु भएको जात्राभरि भक्कुनाच, महाकालीनाच, लाखे नाच, दशअवतार तथा देवराज इन्द्रको वाहन ऐरावत हात्तीको प्रतीकका रूपमा पुलुकिसी नाच नचाउने गरिन्छ ।

इन्द्रध्वजाको लिङ्गो ठड्याएको आठौँ दिनपछि अर्थात् आश्विन कृष्ण चौँथीका दिन 'इन्द्रध्वज पातन' गर्ने अर्थात् लडाउने विधान रहेको "भरणी नक्षत्रको रातमा लडाउने शास्त्रीय व्यवस्था छ, 'भरण्यां निशि पातयेत्' भनी उल्लेख गरिएको छ', धर्मशास्त्रविद् तोयराज नेपालले भने ।

यस उपलक्ष्यमा आज उपत्यकाको पश्चिममा पर्ने दहचोकस्थित इन्द्रदहमा रातभर जाग्राम बसी भाद्र शुक्ल पूर्णिमाका दिन आइतबार स्नान गरेर मेला भर्न भक्तजनहरूको घुइँचो लाग्छ ।

## अनन्त चतुर्दशी

भाद्र शुक्ल चतुर्दशीका दिन अनन्तनाथ (भगवान् विष्णु)को पूजा आराधना पनि गरिन्छ । यसैले यस दिनलाई अनन्त चतुर्दशी पनि भनिन्छ । आज चोखो धागोमा अनन्त मन्त्रण गरी बाँध्नाले वर्षभर शुभ हुन्छ भन्ने विश्वास छ ।

श्रावण शुक्ल पूर्णिमाका दिन कुनै कारणवश जनै (यज्ञोपवीत) मन्त्रन नपाएकाले आजै मन्त्रने शास्त्रीय विधान रहेको धर्मशास्त्रविद् नेपालले बताए । अनन्त चतुर्दशीको व्रत पनि आज गर्नुपर्ने समितिले जनाएको छ । चतुर्दशीमा इन्द्रजात्रा मनाएपछि पूर्णिमामा इन्द्रदहमा गई स्नान गर्नुपर्ने धार्मिक विधि छ ।

# सिरहामा स्कुल बसको ठक्करबाट सात वर्षीय बालकको मृत्यु

● टक नेपाल

सिरहाको गोलबजार नगरपालिका-२ टुड्किया सैनिक चोकमा शुक्रबार स्कुल बसको ठक्करबाट सात वर्षीय बालकको मृत्यु भएको छ ।

ट्रिनिटी बोर्डिङ स्कुलको बसले किच्दा स्थानीय मदन साहका छोरा आदर्शकुमार साहको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । आदर्श सोही विद्यालयको 'प्ले ग्रुप' मा अध्ययनरत थिए ।

ग१ख ३७८८ नम्बरको बसले विद्यालयबाट घर फर्किने क्रममा आदर्शलाई किच्दा उनको टाउकोमा गम्भीर चोट लागि तत्कालै घटनास्थलमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले जानकारी दिए ।

उनका अनुसार ठक्कर दिने बसका चालक गोलबजार नगरपालिका-३ का विमल भुजेल घटनापछि फरार भएका छन् । प्रहरीका अनुसार निजको खोजी कार्य जारी छ ।

उक्त घटनापछि मृतक बालकको शव कानुनी प्रक्रियाअनुसार मुचुल्का उठाएर परीक्षणका लागि राउत स्मारक प्रादेशिक अस्पताल लहान पठाइएको प्रहरी नायब उपरीक्षक पासवानले बताए । बस भने प्रहरीले नियन्त्रणमा लिएको छ ।

यसैबीच, घटनाप्रति थप अनुसन्धान गर्न स्कुलका संस्थापक एवं प्रधानाध्यापक दिलीप बुढाथोकीलाई हिरासतमा लिई प्रहरीले सो धपुछ गरिरहेको उनले जानकारी दिए ।







बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशक: तुलसामाया कार्की, अध्यक्ष निर्देशक: ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014